आकस्मिक कोष ऐन, २०१६

| | |
|---|---|
| लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
| २०१६।८।२५ | २०१६।९।१ |
| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
| आकस्मिक कोष (पहिलो संशोधन) ऐन, २०५० | २०५०।९।५ |

२०१६ सालको ऐन नं. २१

आकस्मिक कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पाँचौ वर्षमा संसद्ले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्ररम्भ** : (१) यस ऐनको नाम "आकस्मिक कोष ऐन, २०१६" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आकस्मिक कोषको स्थापना** : आकस्मिक कोषको नामले एउटा कोषको स्थापना गरिएकोछ ।

३. आकस्मिक कोषमा जम्मा गरिएको रकम : आकस्मिक कोषमा ○रु. २५,००,००० पच्चीस लाख सञ्चित कोषबाट झिकी जम्मा गरिएकोछ ।

▼३क. **आकस्मीक कोषको रकम वृद्धि गर्न सक्ने** : नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आकस्मिक कोषको रकममा आवश्यकतानुसार वृद्धि गर्न सक्नेछ ।

▼३ख. **आकस्मिक कोषको सञ्चालन** : (१) आकस्मिक कोषमा जम्मा गरिएको रकम दैवी प्रकोप जस्ता आकस्मिक काममा नेपाल सरकार (मन्त्रिपरिषद) को स्वीकृति लिई तोकिएबमोजिम खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्च गरिएको रकम प्रत्येक आर्थिक वर्षको विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ ।

४. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्दछ ।

---

○ पहिलो संशोधनद्वारा संशोधित ।

▼ पहिलो संशोधनद्वारा थप ।